# चाँगुनारायण नगरपालिकाको
# माटो, वालुवा तथा निर्माणजन्य सामग्री उत्खनन तथा
# निकासी सम्बन्धी कार्यविधि, २०८२

चाँगुनारायण नगरपालिका

खरिपाटी, भक्तपुर

वागमती प्रदेश, नेपाल

# चाँगुनारायण नगरपालिकाको
# माटो, वालुवा तथा निर्माणजन्य सामग्री
# उत्खनन तथा निकासी सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०८/१७
प्रमाणीकरण मिति: २०८२/०८/२०

**प्रस्तावना**

चाँगुनारायण नगरपालिका क्षेत्रभित्र रहेका भू-सतह नमिलेको निजी जग्गाहरुमा सतह मिलाइ खेती/आवादी योग्य बनाउने, घर घडेरी खार्ने एवं जग्गा सम्याउने क्रममा निस्केको माटो, बलौटे माटो, वालुवा तथा अन्य निर्माणजन्य सामग्री उत्खनन् गरी निकासी गर्ने वा काँचो ईँट्टा बनाई ओसारपसार र बेचविखन गर्ने कार्यलाई व्यवस्थापन गर्ने, साविकमा खानी सञ्चालनको क्रममा निजी जग्गामा छोडिएका खाल्डा खुल्डीको सतह मिलाउने कार्यहरुलाई व्यवस्थित र नियमित गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ तथा चाँगुनारायण नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा (४) ले दिएको अधिकार प्रयोग गरी चाँगुनारायण नगरपालिका, नगर कार्यपालिकाको ७० औं बैठकबाट माटो, वालुवा तथा निर्माणजन्य सामग्रीको उत्खनन तथा निकासी सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद -१
## नाम र परिभाषा

१. **संक्षिप्त नाम तथा प्रारम्भ:** (१) यो कार्यविधिको नाम " माटो, वालुवा तथा निर्माणजन्य सामग्री उत्खनन् तथा निकासी सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।
(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी प्रमाणीकरण भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ ।
ख) "कार्यविधि भन्नाले" माटो, वालुवा तथा निर्माणजन्य सामग्री उत्खनन् तथा निकासी सम्बन्धी कार्यविधि, २०८२ लाई जनाउँछ ।
ग) "नगरपालिका" भन्नाले चाँगुनारायण नगरपालिकालाई जनाउँछ ।
घ) "कार्यपालिका" भन्नाले चाँगुनारायण नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ ।
ङ) "प्रमुख" भन्नाले चाँगुनारायण नगरपालिकाको नगर प्रमुखलाई जनाउँछ ।
च) "उपप्रमुख" भन्नाले चाँगुनारायण नगरपालिकाको नगर उपप्रमुखलाई जनाउँछ।
छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

जीवन खत्री
नगर प्रमुख

ञ) "अनुगमन समिति" भन्नाले नगरपालिका क्षेत्रबाट माटो उत्खनन् तथा निकासी प्रयोजनका लागि यस कार्यविधिको दफा (१०) बमोजिम गठित समितिलाई जनाउँछ ।

झ) "निजी स्वामित्वका जग्गा" भन्नाले कुनैपनि व्यक्ति वा संस्थाको नाममा जग्गाधनी वा कुनै व्यक्ति वा संस्थाले मोही वा गुठियारको रुपमा कानून अनुसार तोकिएको कुत तिरी भोगचलन गरी रहेको जग्गालाई जनाउँछ ।

ञ) "उत्खनन् कार्य" भन्नाले घरेलु औजार वा मेशिनको प्रयोग गरी भू-सतहको माटो, बालुवा, रोडा, गिट्टी आदि जस्ता प्राकृतिक श्रोत खोतलेर निकाल्ने कार्य सम्झनु पर्दछ ।

ट) "निकासी" भन्नाले भू-सतहबाट उत्खनन् भएका प्राकृतिक श्रोतहरु एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण भन्ने सम्झनु पर्दछ।

ठ) "निर्माणजन्य सामग्री" भन्नाले भौतिक निर्माण कार्यमा प्रयोग हुने ढुंगा, बालुवा, माटो, पाँगो, ग्रावेल आदिलाई सम्झनु पर्दछ ।

ड) "काँचो ईट्टा" भन्नाले ईट्टाको स्वरुपमा तयार गरी पकाउन बाँकी रहेको अप्रशोधित माटो भन्ने सम्झनु पर्दछ ।

ढ) "कार्यालय" भन्नाले चाँगुनारायण नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## उत्खनन् तथा निकासी अनुमति सम्बन्धी व्यवस्था

३. **अनुमति लिनुपर्ने:** (१) नगरपालिकाको अनुमति नलिई कसैले पनि नगरपालिका क्षेत्रभित्र कुनै पनि उत्खनन कार्य गर्न गराउन पाइने छैन।

(२) घडेरीको जग खन्ने वा अन्य व्यक्तिको जग्गामा असर नपुग्ने गरी अधिकतम ८ आना सम्मको ४५ डिग्री भन्दा कम भिरालो जमिन खनी निस्केको निर्माणजन्य सामग्री सोही स्थानमा प्रयोग गर्ने कार्यको लागि भने सम्वन्धित वडा कार्यालयबाटै अनुमति लिन सकिनेछ। चाँगुनारायण नगरपालिका वडा नं. १ देखि ५ भित्र पर्ने साविकमा जिल्ला विकास समितिबाट अनुमति प्राप्त गरी संचालनमा रहि हाल दर्ता नविकरण प्रक्रियामा रहेका खानी क्षेत्रका जग्गाको सम्बन्धमा दफा (७) मा उल्लेख भए बमोजिम हुनेछ।

४. **उत्खनन् तथा निकासीका लागि अनुमतिको प्रकृया:** (१) निजी जग्गाबाट माटो, वालुवा वा अन्य निर्माण सामग्री उत्खनन् तथा निकासी गर्ने चाहने व्यक्ति वा फर्मले देहाय अनुसार प्रकृया पुर्याउनु पर्दछ ।

(क) आफ्नो निजी जग्गाको भू-सतह मिलाउने वा घर घडेरी खार्ने वा थुम्का थुम्की सम्याउने ५० घनमिटर भन्दा कम माटो/वालुवा उत्खनन् तथा निकासी गर्न चाहने व्यक्ति वा फर्मले दफा (६) अनुसारका आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा अनुसूचि -१ बमोजिम व्यक्तिगत वा सामुहिक निवेदन पेश गर्नु पर्नेछ। फर्मको तर्फबाट कार्य गर्नु पर्ने अवस्थामा सम्बन्धित जग्गाधनीको मन्जुरीनामा साथै पेश गर्नु पर्नेछ ।

जीवन खत्री
नगर प्रमुख

(ख) निवेदन प्राप्त भए पश्चात सम्बन्धित वडा कार्यालयबाट स्थलगत अवलोकन गरी सँधियारहरु समेतको उपस्थितीमा सँधियारको सहमति सहितको स्थलगत सर्जमिन मुचुल्का तयार गर्नु पर्नेछ ।

(ग) वडा कार्यालयले निवेदन थप आवश्यक छानविन गर्दा दफा ३ को उपदफा २ को अवस्था भएमा वडा कार्यालयबाटै अनुमति दस्तुर लिई अनुमति दिनु पर्नेछ । सो को लिखित जानकारी तत्काले नगरपालिकमा पठाउनु पर्नेछ ।

(घ) दफा ३ को उपदफा २ वाहेकको अवस्था भएमा वडा कार्यालयले सँधियारहरुको सहमतिको मुचुल्का र सिफारिस सहित अनुमतिका लागि सक्कलै निवेदन नगरपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

(ङ) दैनिक ५० घनमिटर सम्म माटो, बालुवा वा अन्य निर्माण सामग्री उत्खनन् वा निकासी गर्न अनुमति माग भई आएमा सम्बन्धित वडा कार्यालयले जग्गा मानव वस्तिबाट ५० मिटिर टाढा भएको, पानीको मुहान, विद्यालय, मठमन्दिर, आश्रम, स्याहार केन्द्र, बालगृह, स्वास्थ्य संस्था जस्ता सार्वजनिक संरचनाबाट २०० मिटर तथा पक्की पुलबाट ५०० मि. टाढा रहेको यकिन बेहोरा समेत खोली सिफारिस गर्नु पर्नेछ ।

(च) वडा कार्यालयको सिफारिस प्राप्त भए पश्चात नगरपालिकाको कार्यालयले आवश्यक जाँचवुझका लागि सम्वन्धित स्थानमा प्राविधिक कर्मचारी (इन्जिनियर, सव-इन्जिनियर/असिस्टेन्ट सव-इन्जिनियर तथा नापी अमिन/सर्वेक्षक) खटाई उत्खनन् गर्ने क्षेत्र निर्धारण तथा निकासी गर्ने परिमाण यकिन गर्नेछ।

(छ) नगर कार्यपालिका कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीले निवेदकको माग निवेदन वेहोरा, जग्गाको अवस्था, प्राकृतिक श्रोतको दुरुपयोग नहुने गरी, भूक्षय पहिरोको जोखिम नहुने गरी एवं भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा ब्यक्तिगत भवन लगायतको संरचना सडक, कुलो, नहर, नदी, सार्वजनिक बाटो, वन, कृषि योग्य भूमि र साँध सिमानामा रहेको जग्गाको संरचना आदिमा कूनै किसिमको नोक्सानी नहुने गरी उक्त स्थानबाट निकासी हुनसक्ने माटो वालुवाको परिमाण, एकिन गरी प्रतिवेदन गर्नु पर्नेछ।

(ज) नगरपालिकाको कार्यालयले दैनिक ५० घनमिटर सम्म उत्खनन् गर्नु पर्ने अवस्था भएमा संक्षिप्त वातावरणीय अध्ययन, ५० घनमिटर भन्दा बढी ५०० घन मिटर सम्म उत्खनन् गर्दा प्रारम्भिक वातावरणीय परीक्षण र सो भन्दा वढी उत्खनन् गर्दा वातावरणीय प्रभाव मूल्यांकन समेत पेश गर्न सम्वन्धित निवेदकलाई लगाउनेछ ।

(झ) खण्ड घ, छ र ज बमोजिम प्रकृया पूरा भई आएका कागजात अध्ययन गरी देहाय अनुसार स्वीकृति प्रदान गरिनेछ ।

१. ५० घनमिटरसम्मको उत्खनन् तथा विक्री वितरणको लागि प्रमुख प्रशासकीय अधिकृत ।

२. ५०-१०० घनमिटरसम्मको उत्खनन् तथा विक्रीको लागि नगरप्रमुख ।

३. १०० घनमिटरभन्दा माथि नगर कार्यपालिकाको निर्णय।

(ट) माग निवेदनको सम्वन्धमा थप अध्ययन गर्नु पर्ने आवश्यक देखिएमा नगरपालिकाले अनुमति दिनु पूर्व दफा १० बमोजिमको अनुगमन समितिबाट अनुगमन गराई प्रतिवेदन प्राप्त गर्न सक्नेछ।



खत्री
नगर प्रमुख

(ठ) खण्ड (ज) अनुसारको स्वीकृति प्राप्त भए पश्चात प्रमुख प्रशासकीय अधिकृतले उत्खनन् गर्ने जग्गाको क्षेत्रफल, अनुमति दिएको परिमाण, ढुवानीका साधनको विवरण उत्खनन् गरी ढुवानी गर्ने अवधि ढुवानी गरी लैजाने स्थान स्पष्ट रुपमा उल्लेख गरी अनुसूची २ को ढाँचामा सम्वन्धित निवेदकलाई अनुमतिपत्र उपलब्ध गराउन सक्नेछ।

यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि असारदेखि असोज महिनासम्म उत्खनन् तथा निकासीको अनुमति दिईने छैन ।

५. <u>नगरपालिकाले सूचना प्रकाशन गर्नसक्ने:</u> (१) बार्षिक रुपमा उत्खनन् तथा निकासी गर्ने माटो, बालुवा, अन्य निर्माण सामग्रीको परिमाण यकिन गरी आवश्यक प्रकृया अगाडी बढाउन नगरपालिकाको कार्यालयले प्रत्येक आर्थिक बर्षको सुरुमा कार्यपालिका बैठकको निर्णयको अधारमा निश्चित अवधी तोकी सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ।

(२) प्रकाशित सूचनाको समयावधि भित्र दफा ६ अनुसारको कागजात सहित जग्गाधनी ब्यक्ति वा संस्थाले तोकिएको स्थानमा निवेदन पेश गर्नु पर्नेछ ।

(३) यस कार्यविधि अनुसार प्रकृया पूरा गरे पश्चात नगरपालिकाले तोकिएको परिमाणको लागि प्रचलित कानून बमोजिम आय ठेक्का बन्दोवस्तको लागि प्रकृया अगाडी बढाउन वा सम्वन्धित निवेदकलाई यस कार्यविधिको प्रकृया अनुसार स्वीकृति प्रदान गर्न सक्नेछ ।

६. <u>निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु:</u> (१) कसैको निजी जग्गाबाट माटो/वालुवा उत्खनन् तथा निकासी गर्नु परेमा जग्गाधनीले ब्यक्तिगत वा सामुहिक रुपमा देहायको कागजात सहित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

क) अनुसूचि १ को ढाँचामा निवेदन,

ख) उत्खनन् हुने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि,

ग) उत्खनन् हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा,

घ) जग्गाधनी/हरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

ङ) जग्गाको तिरो तिरेको रसिद,

च) माटो/बालुवा वा अन्य निर्माण सामग्री निकासी गर्दा स्थानीय वासिन्दा तथा सार्वजनिक स्थानको वातावरणमा असर नपर्ने गरी गरिएको प्रतिवद्धता पत्र,

छ) चाँगुनारायण नगरपालिका वडा नं. १ देखि ५ भित्र पर्ने साविकमा जिल्ला विकास समितिबाट अनुमति प्राप्त गरी संचालनमा रही हाल दर्ता नविकरण प्रक्रियामा रहेका खानी क्षेत्रका जग्गाको हकमा, ती क्षेत्रहरूमा विगतमा खानी संचालन गर्दै आएका तथा नगरपालिकाद्वारा खानी दर्ताका लागि प्रकाशित सूचनानुसार दर्ता नविकरणको लागि आवेदन प्रस्तुत गरेका फर्मको सहमति पत्र,

(ज) स्वीकृत वातावरणीय अध्ययन /मूल्याङ्कन प्रतिवेदन।

जीवन खत्री
नगर प्रमुख

७. **<u>साविकमा खानी सञ्चालन भएका क्षेत्रका जग्गा क्रममा रहेका खाल्डाखुल्डी व्यवस्थापन</u>**

साविकमा जिल्ला विकास समितिबाट अनुमति प्राप्त गरी संचालनमा रहि हाल दर्ता नविकरण प्रक्रियामा रहेका खानी क्षेत्रका जग्गाको हकमा कुनै उत्खनन वा खाल्डाखुल्डी मिलाउनु पर्ने अवस्थामा यो कार्यविधि प्रारम्भ पश्चात उक पटकको लागि देहाय बमोजिम गरिनेछ ।

क. खेती बाली लगाउन वा घर घडेरी बनाउन नपाएको भन्नी सम्बन्धित जग्गाधनीले निवेदन गरेको अवस्थामा जग्गाको सतह मिलाउने ढिस्का ढिस्की सम्याउने अग्लो भागलाई खारी खाडल पुर्ने लगायतको कार्य गर्नु गराउनु पर्ने भएमा साविकमा जिल्ला विकास समितिबाट अनुमति प्राप्त गरी संचालनमा गरी ती क्षेत्रहरूमा विगतमा खानी संचालन गर्दै आएका तथा नगरपालिकाद्वारा खानी दर्ताका लागि प्रकाशित सूचनानुसार दर्ता नविकरणको लागि आवेदन प्रस्तुत गरेका फर्महरुबाट मात्र गराउनु पर्नेछ।

ख. साविकमा खानी सञ्चालनको क्रममा परेका खाल्डा खुल्डी मिलाउने आसपासको जमिनको सतह सँग भूनौट मिल्ने गरी सम्याइ दिने दायित्व सम्बन्धित जग्गाधनिको सहमति एवं कार्यपालिकाको बैठकको निर्णय अनुसार सम्बन्धित फर्मको हुनेछ।

८. **<u>उत्खनन् मापदण्ड तथा पालना गर्नुपर्ने शर्तहरु :</u>**

(क) सार्वजनिक जग्गा, बस्ती, बाटो, स्कुल, मन्दिर, नदी, ताल, पोखरी आदि क्षेत्रको वरपर तथा सार्वजनिक जग्गाबाट माटो उत्खनन् गर्न पाइने छैन। निजी जग्गाको माटो निकाल्दा साँध सधियारलाई असर नगर्ने गरी गर्नु पर्नेछ। यसरी उत्खनन गरी माटो निकासी गर्दा बाटो सडकमा धुलो माटो नखस्ने तथा नउड्ने गरी गराई मात्र गर्नु पर्नेछ।

(ख) नगरपालिकाको अनुगमन समितिले उत्खनन् र निकासी सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ। उत्खनन् गर्ने पक्षले अनुगमन समितिले दिएको निर्देशन अनिवार्य रुपमा पालना गर्नुपर्ने छ।

(ग) खेतबारीको सतह मिलाउने प्रयोजनको लागि उत्खनन गरेको भएमा सँधियारहरुको खेतको सतहको प्रतिकुल हुने गरी उत्खनन् गर्न पाईने छैन।

(घ) माटो उत्खनन गर्दा आसपासको जमिनको सतहभन्दा बढी गहिरो हुने गरी गर्न पाइने छैन।

(ङ) उत्खनन् तथा निकासी कार्य दिनको समयमा मात्र गर्नु पर्नेछ। रातीको समयमा गर्न पाइने छैन ।

(च) उत्खनन् तथा निकासी गर्दा अनुसूचि २ र अनुसूचि ३ बमोजिमको अनुमतिपत्र अनिवार्य रुपमा साथमा राख्नु पर्नेछ।

(छ) उत्खनन् कार्य समाप्त भए पछि जुन उद्देश्यका लागि उत्खनन् गरिएको हो सो उद्देश्य अनुरुपको कार्य गर्नु पर्नेछ।

(ज) निजी जग्गामा उत्खनन् गर्दा छेउछाउमा रहेका सार्वजनिक, सरकारी, पर्ति तथा वन क्षेत्रको जग्गामा कुनै पनि हानी नोक्सानी तथा उत्खनन् गर्न पाईने छैन।

जीवन खत्री
नगर प्रमुख

(झ) कोही कसैले पनि घर घडेरी खार्ने भिरालो थुम्काथुम्की वा ढिस्को परेको आफ्नो जग्गा सम्याउने गर्दा आसपासको भू-बनौट र भू-सतहमा प्रतिकुल हुने र साँधसंधियारलाई असर पर्ने गरी गर्न पाइने छैन।

## परिच्छेद - ३

## ईंट्टा उद्योगको लागि माटो उत्खनन् तथा काँचो ईट्टा निकासी सम्वन्धी ब्यवस्था

९. ईट्टा उद्योग सञ्चालनको लागि अनुमति लिनुपर्ने : (१) ईंट्टा उद्योग सञ्चालन गर्ने व्यवसायीले नगरपालिकाबाट अनुमति लिई व्यवसाय दर्ता गरी नियमित नविकरण गर्नु पर्नेछ ।

(२) व्यवसाय नविकरण गर्दा प्रत्येक बर्ष नगरपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम प्रथम किस्ता बापतको रकम अनुमति लिंदाको समयमा, दोश्रो किस्ता बापतको रकम फागुन मसान्तभित्र र अन्तिम किस्ता रकम बैशाख मसान्तभित्र बुझाई सक्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि नगरपालिकाले नयाँ ईट्टा उद्योग सञ्चालन गर्नको लागि अनुमति दिने छैन ।

१०. काँचो ईट्टा बनाउने व्यवसाय दर्ता गर्नुपर्ने: (१) काँचो ईट्टा बनाउने व्यवसाय गर्न चाहने व्यवसायीले स्वीकृत क्षेत्रको माटो प्रयोग गर्ने गरी व्यवसाय सञ्चालनको लागि नगरपालिकाको कार्यालयमा अस्थायी व्यवसाय दर्ता गर्नुपर्नेछ ।

११. माटो उत्खनन् तथा काँचो ईट्टा निकासी सम्वन्धी ब्यवस्था: (१) अनुमतिप्राप्त ईट्टा उद्योगलाई माटो तथा काँचो ईट्टा निकासी गर्न नगरपालिकाले सहयोग गर्नेछ ।

(२) ईट्टा उद्योग व्यवसायीले माटो तथा काँचो ईट्टा निकासीको अनुमतिका लागि सम्वन्धित जग्गाधनीसँग बहाल सम्झौता गरी उक्त सम्झौता र जग्गावालाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) जग्गाधनीसँगको सम्झौता सहित नगरपालिकामा अनुमति माग भए पश्चात सम्झौता बमोजिमको रकममा नियमानुसार बहालकरको रकम र ईट्टा उद्योग सञ्चालन अनुमति बापतको प्रथम किस्ता रकम ईट्टा उद्योगीले नगरपालिकामा एकमुष्ट बुझाउनु पर्नेछ ।

(४) ईट्टा उद्योग व्यवसायी वा काँचो ईट्टा निकासी गर्ने अनुमति प्राप्त ब्यक्तिले दफा ६ बमोजिम मापदण्डको अलावा देहाय अनुसार शर्तहरु पालन गर्नु पर्नेछः-

क) माटो तथा काँचो ईट्टा उद्योगीले विद्यालय खुल्ने दिन बिहान ८.३० बजेदेखी १०.३० बजेसम्म र बेलुकी ३.३० बजेदेखी ५ बजे सम्म निकासी गर्न पाउने छैन ।

ख) नगरपालिका क्षेत्रभित्र माटो तथा काँचो ईट्टा निकासी गर्दा त्रिपालले छोपेर सडकमा माटो, धुलो नझर्ने गरी मात्र निकासी गर्नु पर्नेछ र सडकको धुलो नियन्त्रणको लागि आवश्यकता अनुसार समय समयमा सडकमा पानी राख्नु पर्नेछ ।

ग) सडकमा गाडीको चाप बढी भएको अवस्थामा नगरपालिकाले गाडीको संख्या नियन्त्रणका लागि आवश्यक कार्य गर्नेछ ।

जीवन खत्री
नगर प्रमुख

घ) नगरपालिकाले स्वीकृति दिएको गाडी बाहेक अन्य ढुवानीको साधनको प्रयोग गरी माटो तथा काँचो ईट्टा निकासी गर्न पाईने छैन ।

ङ) व्यवसायी तथा ढुवानीकर्ताले प्रचलित वातावरण सम्वन्धी कानूनको प्रतिकूल नहुने गरी मात्र कार्य गर्नु पर्नेछ ।

च) व्यवसाय सञ्चालनको क्रममा व्यवसायीले समय समयमा नगरपालिकाले दिएका निर्देशन पालन गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## अनुगमन सम्वन्धी ब्यवस्था

१२. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) निजी स्वामित्वका जग्गाको माटो, वालुवा तथा निर्माणजन्य सामग्री उत्खनन तथा निकासी सम्बन्धी कार्यको अनुगमनका लागि नगरपालिकाले देहाय अनुसारको अनुगमन समिति गठन गर्नेछ ।

(क) उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(घ) इन्जिनियर - सदस्य

(ङ) राजश्व शाखा प्रमुख - सदस्य सचिव

१३. **अनुगमन समितिको काम, कर्तब्य र अधिकार:** अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहाय अनुसार हुनेछ.

(क) उत्खनन् तथा निकासी माग भएका स्थानहरुको आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने।

(ख) अनुमति प्राप्त स्थानहरुमा भईरहेको उत्खननको कार्यको निरीक्षण गर्ने ।

(ग) तोकिएको मापदण्ड पालन गरे नगरेको अनुगमन गरी मापदण्ड पालना गर्न लगाउने ।

(घ) मापदण्ड विपरित कार्य गरेको देखिएमा दण्ड सजायको सिफारिस गर्ने ।

(ङ) उत्खनन् तथा निकासी कार्यमा कुनै समस्या देखिएमा समाधानको लागि आवश्यक समन्वय गर्ने।

(च) सिफारिस समितिको अनुगमन लगायत बैठक खर्चहरु नगरपालिकाले नियमानुसार उपलब्ध गराउने छ।

## परिच्छेद - ५

## नगरपालिकाले उत्खनन् तथा निकासी गर्ने

१४. **नगरपालिकाले उत्खनन् तथा निकासी गर्न सक्ने:** (१) सार्वजनिक निर्माण, प्लटिङ, बाढी पहिरो आदिजस्ता कारण वेवारिसे अवस्थामा कसैको निजी वा सार्वजनिक जग्गामा थुप्रिएको माटो, बालुवा लगायतका निर्माणजन्य पदार्थहरु हटाउन आवश्यक देखिएमा वा सम्वन्धित जग्गाधनीबाट अनुरोध भई आएमा नगरपालिकाले प्रचलित कानून अनुसार प्रतिस्पर्धा बढाबढ गरी उत्खनन् निकासी वा लिलाम गर्न सक्नेछ।



सुदन खत्री
नगर प्रमुख

नगरपालिकाले प्रचलित कानून अनुसार प्रतिस्पर्धा बढाबढ गरी उत्खनन् गरी निकासी वा लिलाम बिक्री गरी निकासी गर्न सक्नेछ।

१५. <u>खाल्टाखुल्टी पुर्ने:</u> (१) प्राकृतिक स्वरुप, खनिजन्य पदार्थको उत्खनन् सार्वजनिक निर्माण आदि जस्ता कारणले भू-सतहमा खाल्टाखुल्टी भई जोखिम उत्पन्न भएमा वा खाल्टा पुरी जग्गा सम्याई उपयोग गर्न आवश्यक देखेमा नगरपालिकाले खाल्टखुल्टी पुर्न सक्नेछ ।

## परिच्छेद - ६

## उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनको दर्ता सम्बन्धी व्यवस्था

१६. <u>नगरपालिकामा सुचीकृत हुनुपर्ने:</u> (१) निजी जग्गाबाट उत्खनन् तथा ढुवानी गर्न चाहने सवारीधनीले उत्खननकर्ताको सिफारिसमा नगरपालिकाको कार्यालयमा तोकिएको राजश्व बुझाई सवारी साधन सुचीकृत गरी अनुमति लिनु पर्नेछ ।

(२) नगरपालिकाले जग्गाधनीलाई उत्खनन् तथा निकासीको अनुमति दिँदा जग्गाधनीले चाहेको सूचिकृत सवारीसाधनको विवरण समेत उल्लेख गरी  समय अवधि खुल्ने गरी अनुमति प्रदान गर्नेछ।

१७. <u>सुचीकृत सम्बन्धी प्रक्रिया:</u> (१) सुचीकृत हुनको लागि लागि आफ्नो सवारीको साधनको कागजातहरुको फोटोकपी सहित सम्वन्धित सवारी धनी वा चालकले नगरपालिकाको कार्यालयमा निबेदन पेश गर्नु पर्नेछ।

(२) नगरपालिका कार्यालयले कागजपत्रको जाँचबुझ गरी अनुसूची ३ बमोजिमको ढाँचामा सवारी साधन दर्ता/सुचीकृत गरी उत्खनन् र र ढुवानीको लागि अनुमति दिनु पर्नेछ ।

१८. <u>व्यवस्थित तरिकाले निकासी गर्नुपर्ने:</u> ढुवानी गर्ने सवारी साधनले त्रिपालले राम्रोसँग छोपेर र धुलो नउडाइकन यस कार्यविधिमा तोकिएको मापदण्ड पालना गरी व्यवस्थित तरिकाबाट ओसार पसार गर्नु पर्नेछ ।

## परिच्छेद - ७

## राजश्व सम्बन्धी व्यवस्था

१९. <u>राजश्व बुझाउनु पर्ने:</u> (१) निजी जग्गाको माटो उत्खनन् गरी निकासी वा निकासी गर्नका लागि नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम राजश्व बुझाउनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम घर घडेरी सम्याउने, माटो तथा काँचो ईंट्टा निकासी कार्य गरे बापत बिक्री कर तथा दस्तुर बुझाउने दायित्व सम्वन्धित घडेरी वा जग्गाको स्वामित्व भएको ब्यक्ति, काँचो ईंट्टा बनाउने कार्यमा संलग्न ब्यक्ति, संस्था वा निजको प्रतिनिधि हुनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएपनि घर घडेरी सम्याउने तथा काँचो ईंट्टा, माटो निकासी कार्य गर्ने तोकिएको ब्यक्ति वा संस्था स्वयंले विक्री कर तथा दस्तुर बुझाउने गरी घर घडेरी

सम्याउने तथा माटो निकासी कार्य गर्ने स्वीकृति लिएको भए स्वीकृति लिएकै बखत कार्यलयमा राजश्व बुझाउने दायित्व सोही ब्यक्ति संस्था वा निकायको हुनेछ ।

(४) सवारी साधन दर्ता तथा वार्षिक नविकरण शुल्क देहाय अनुसार हुनेछ।

(क) ट्र्याक्टर वार्षिक दर्ता शुल्क रु. १,०००।-, नविकरण प्रत्येक पटकको लागि रु. ५००/-

(ख) ट्रक/टिपर वार्षिक दर्ता शुल्क रु. ३,०००।-, नविकरण प्रत्येक पटकको लागि रु. १०००/-

(ग) स्काईभेटर/जेसिवी दर्ता शुल्क रु. १५,०००।-, नविकरण प्रत्येक पटकको लागि रु. २०००/-

## परिच्छेद - ८

## दण्ड जारिवाना सम्बन्धी व्यवस्था

२०. कसूर तथा दण्ड जरिवाना: (१) यस कार्याविधि बमोजिम अनुमति नलिई कसैले निजी जग्गाको माटो तथा नदीजन्य पदार्थ उत्खनन् निकासी गरे वा गराईएको पाईएमा यस कार्यालयले उत्खनन् तथा निकासी कार्यमा प्रयोग भएका सवारी साधन र सामग्री नियन्त्रणमा लिई आर्थिक ऐनले तोके बमोजिम जरिवाना गर्नेछ।

(२) उत्खनन् सम्वन्धी तोकिएको मापदण्ड उलंघन गरेमा सो कार्यबाट पर्न गएको क्षतिको क्षतिपूर्ति भराई प्रथम पटको लागि रु. १५,०००/- र त्यसपछि पनि सोही वा मापपदण्ड विपरित अन्य कुनै पनि कसूर गरेमा प्रत्येक पटकको लागि दोब्बर जरिवाना गरिनेछ।

(३) प्रत्येक बर्ष नगरपालिकाको कार्यालयको अनुमति नलिई ईंट्टा उद्योग सञ्चालन गरेमा वा व्यवसाय दर्ता नगरी काँचो ईंट्टाको लागि माटो उत्खनन् वा निकासी गरेमा उक्त कार्य वन्द गरी रु. ५०,०००/- जरिवाना गरीनेछ।

(४) स्वीकृत प्राप्त जग्गाधनी वा व्यवसायीले मापदण्ड विपरित कार्य गरेको पाईएमा उत्खनन् कार्यमा रोक लगाई अनुमति रद्ध गरीनेछ। साथै उत्खनन् तथा ढुवानीबाट कसैलाई क्षति समेत पुगेको देखिएमा क्षतिको मूल्याकंन गरी सम्वन्धितलाई क्षतिपूर्ती भराउने र कार्यमा प्रयोग भएका साधन समेत नियन्त्रणमा लिई आर्थिक ऐनमा व्यवस्था भए अनुसार जरिवाना गरिनेछ।

## परिच्छेद- ९

## विविध

२१. चाँगुनारायण नगरक्षेत्रभित्र मात्र लागू हुने: यो कार्यविधिमा भएका प्रावधानहरु चाँगुनारायण नगरपालिका क्षेत्रभित्र मात्र लागू हुनेछ।

२२. थपघट वा हेरफेर गर्न सक्ने: (१) यस कार्यविधिको कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले कार्यविधिमा भएको कुनैपनि ब्यवस्था थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा कार्यपालिका बैठकले आवश्यकता अनुसार ब्याख्या गरी निर्देशन दिन सक्नेछ ।

जीवन खत्री
नगर प्रमुख

२३. <u>खारेजी र बचाउ:</u> यस नगरपालिकाबाट कार्यान्वयनमा रहेको घर घडेरी सम्याउने तथा काँचो ईट्टा, माटो ओसारपसार कार्यलाई व्यवस्थित गर्ने कार्यविधि,२०७७ खारेज गरिएको छ । यस अघि उक्त कार्यविधि अनुसार भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिने छ ।

जीवन खत्री
नगर प्रमुख

अनुसूचि - १

दफा ५ (१) को खण्ड क र ६(१) को खण्ड क सँग सम्वन्धित

मितिः २०..../...../...

श्री वडाध्यक्षज्यू
............... नं. वडा कार्यालय,
चाँगुनारायण नगरपालिका, भक्तपुर ।

विषयः उत्खनन् तथा ढुवानीको लागि अनुमति पाउँ ।

प्रस्तुत विषयमा मेरो/हाम्रो ...................स्थानमा रहेको कित्ता नं............को जग्गा/घडेरी सम्याउने क्रममा अनुमानित देहायको परिमाणमा माटो/बालुवा/अन्य निर्माण सामग्री उत्खनन् गरी अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएकोले अनुमति उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

देहायः

क........................को नाममा रहेको कित्ता नं......................बाट ...............घन फिट ।
ख. ........................को नाममा रहेको कित्ता नं....................बाट ...............घन फिट ।
ग. ........................को नाममा रहेको कित्ता नं....................बाट ...............घन फिट ।
घ. ........................को नाममा रहेको कित्ता नं....................बाट ...............घन फिट ।
ङ. ........................को नाममा रहेको कित्ता नं....................बाट ...............घन फिट ।
च. ........................को नाममा रहेको कित्ता नं....................बाट ...............घन फिट ।

जम्मा परिमाण

निवेदक/निवेदकहरु
१.
२.
३.
४.
५.
६.

संलग्न कागजातहरुः

१. जग्गाधनीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. उत्खनन् कार्य गर्ने जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि,
३. जग्गाको तिरी तिरेको रसिदको प्रतिलिपि।
४. अर्काको जग्गा भए जग्गाधनीको सहमती पत्र।

जीवन खत्री
नगर प्रमुख

अनूसूची - २

परिच्छेद २ को दफा ४ (१) को खण्ड  ठ सँग सम्वन्धित

**चाँगुनारायण नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

खरिपाटी, भक्तपुर

वागमती प्रदेश, नेपाल

मिति :

च.न. :

प.सं. :

श्री ..............................,

चाँगुनारायण न.पा. वडा नं. ......., ................., भक्तपुर।

विषय: अनुमति दिईएको।

प्रस्तुत विषयमा तपाईं श्री............................ को नाममा दर्ता कायम रहेको चाँगुनारायण नगरपालिका वडा नं. ......... कित्ता नं. ........ को जग्गा क्षेत्रफल .....-.....-.....-..... बाट देहाय बमोजिमको शर्तको अधिनमा रही माटो उत्खनन् गरी ढुवानी गर्न अनुमति दिईएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

देहायः

१. अनुमति लिने मुख्य व्यक्तिको नामः

ठेगानाः

सम्पर्क नं.:

२. माटो उत्खनन् गर्ने जग्गाको चारैतर्फका सँधियारहरु:

पूर्व तर्फ .............  उत्तर तर्फ .............

पश्चिम तर्फ .............  दक्षिण तर्फ .............

३. उत्खनन् गरी ढुवानी गर्ने परिमाणः ............. घनफिट

४. राजश्व बुझाएको विवरणः

क. प्राकृतिक स्रोत (माटो/बालुवा/अन्य निर्माण सामग्री) को राजश्व प्रति घनफुट ......... दरले रु. ..........

५. उत्खननमा प्रयोग हुने साधनहरुः ........................................................................

६. ढुवानीमा प्रयोग हुने साधनहरुः ........................................................................................................

७. ढुवानी गरी लैजाने स्थान र प्रयोग हुने मुख्य बाटोः .....................

८. उत्खनन् र ढुवानीका लागि समयावधिः मिति ............. देखि ............. सम्म ।

बोधार्थ

श्री .................. नं. वडा कार्यालय, चाँगुनारायण नगरपालिका, भक्तपुर ।

श्री जिल्ला प्रहरी परिसर, भक्तपुर ।

श्री जिल्ला प्रशासन कार्यलय, भक्तपुर ।

*नोटः ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा म्याद समाप्त भएमा यस कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ ।*



जीवन खत्री

नगर प्रमुख

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरिपाटी, भक्तपुर
वागमती प्रदेश, नेपाल

अनुसूची - ३

दफा १७ (२) सँग सम्बन्धित

**चाँगुनारायण नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

खरिपाटी, भक्तपुर

वागमती प्रदेश, नेपाल

अनुमति पत्र नं.:

मिति:

<u>विषयः निजी जग्गाको माटो/वालुवा उत्खनन् तथा निकासीको अनुमति।</u>

यस कार्यालयको मिति ........./....../..... को निर्णय बमोजिम तपाई श्री ...................................................... लाई देहाय अनुसार निजी जग्गाको माटो/वालुवा उत्खनन् तथा निकासी गर्न अनुमति प्रदान गरीएको छ।

**अनुमति सम्बन्धी विवरण**

१. अनुमति प्रदान गरीएको साधनको विवरण.......................................................

२. यान्त्रिक साधन धनीको नाम थरः................................................................

३. अनुमति कायम रहने अवधि........................देखी..............................सम्म ।

ठेगानाः जिल्ला न.पा./गा.पा

दर्ता नं. सम्पर्क नं.

अनुमति दिने अधिकारीको दस्तखतः

नाम थरः

पदः

<u>अनुमति प्राप्त व्यक्ति/साधनले पालना गर्नुपर्ने शर्तहरुः</u>

१. यो अनुमति निजी जग्गा धनी र चारकिल्लाका सधियारको सहमतिमा निजी जग्गा उत्खनन् गरी निस्कने माटो/वालुवा लगायतका निर्माण सामग्री निकासी गर्नका लागि मात्र प्रदान गरीएको छ ।

२. यो अनुमति पत्रवालाले सार्वजनिक जग्गा, ताल, पोखरी, वन क्षेत्र, नदी प्रणाली र नदी किनारा देखि २०० मिटर, मठ मन्दिरको जग्गा र अन्य कुनै पनि प्रकारको सरकारी जग्गा उत्खनन् गर्न पाउने छैन ।

३. उत्खनन् तथा निकासी गर्दा यो अनुमति पत्र साथमै राख्नुपर्नेछ ।

४. यो अनुमतिपत्रको नविकरण गराउन चाहेमा म्याद सकिनु पूर्व तोकिएको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ ।

५. अनुमति नलिई उत्खनन् गर्ने वा अनुमति लिएर उल्लेखित शर्त पालना नगर्नेलाई नगरपालिकाको आर्थिक ऐन बमोजिम सजाय हुनेछ ।

६. अनुमति दिईएको वस्तु बाहेक अन्य बस्तुको उत्खनन्, निकासी एवं विक्री वितरण गरेको पाइएमा उत्खनन् तथा निकासी गरेको मालवस्तु जफत गरी प्रति १०० घन फिटको रु. २५०००।- का दरले जरीवाना असुल उपर गरीनेछ ।

७. तोकिएका शर्तहरु पालन नगरेको पाईएमा प्रचलित कानुन बमोजिम कार्वाही गरीनेछ ।

८. यो अनुमति प्राप्तकर्ताले चाँगुनारायण नगरपालिकाको समन्वयमा कार्य गर्नुपर्नेछ ।

९. निकासीको क्रममा नगरपालिकाबाट जारी गरीएको रसिद साथै राखी मिति समय र परिमाण प्रष्टसँग लेखिएको हुनु पर्नेछ ।

<u>बोधार्थ</u>

श्री ..... नं वडा कार्यालय, चाँगुनारायण नगरपालिका भक्तपुर ।

श्री प्रहरी प्रभाग............................. : जानकारीको लागि अनुरोध छ ।

श्री जिल्ला प्रहरी परिसर भक्तपुर : जानकारीको लागि अनुरोध छ ।

श्री जिल्ला प्रशासन कार्यालय भक्तपुर : जानकारीको लागि अनुरोध छ ।

( )

प्रमुख प्रशासकीय अधिकृत

जीवन खत्री
नगर प्रमुख

अनुसूची - ४

दफा ६ उपदफा १ (छ) र दफा ७ (क) सँग सम्बन्धित

**चाँगुनारायण नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

खरिपाटी, भक्तपुर

वागमती प्रदेश, नेपाल

विषयः प्रारम्भिक वातावरणीय परिक्षणको लागि पठाईएका खानीहरुको सूचि।

तपसिल

| सि.नं. | निवेदक | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | मिठाराम गेलालको अख्तियारवाला विदुर आले | चा.न.पा. - ३, झौखेल | |
| २. | कुन्ति थापाको अख्तियारवाला सिमन एण्ड सिम्रन सप्लायर्स विदुर आले | चा.न.पा. - ४, चाँगु | |
| ३. | कृष्णराम आगन्जाको अख्तियारवाला विदुर आले | चा.न.पा. - ३, झौखेल | |
| ४. | शिवराज के. सी. को अख्तियारवाला विदुर आले | चा.न.पा. - ३, झौखेल | |
| ५. | आशा निर्माण सेवा उदेश साखकर्मी अख्तियारवाला विदुर आले | चा.न.पा. - ३, दुवाकोट | |
| ६. | आगन्जा कन्स्ट्रक्सन कम्पनि प्रा.लि. राजेन्द्र प्रसाद आगन्जा | चा.न.पा. - ५, छालिङ | |
| ७. | राजेन्द्र प्रसाद आगन्जा | चा.न.पा. - २, दुवाकोट | |
| ८. | निलवाराही सप्लायर्स प्रा.लि. मुकुन्द थापा | चा.न.पा. - १, दुवाकोट | |
| ९. | निलवाराही सप्लायर्स प्रा.लि. मुकुन्द थापा | चा.न.पा. - १, दुवाकोट | |
| १०. | निलवाराही सप्लायर्स प्रा.लि. मुकुन्द थापा | चा.न.पा. - १, दुवाकोट | |

जीवन खत्री

नगर प्रमुख